जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक १०० • २०८२ माघ १७ गते शनिवार • 31 Jan. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-




## ४ शहिद धर्मभक्त माथेमा, शुक्रराज शास्त्री, दशरथ चन्द ठाकुर र गङ्गालाल श्रेष्ठको योगदान स्मरण गर्ने दिन

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १६ माघ**

माघ १६ गते सहिद दिवस । पुरानो नेपाललाई नयाँ नेपालको मार्गदिशा प्रदान गर्ने चार सहिद धर्मभक्त माथेमा, शुक्रराज शास्त्री, दशरथ चन्द ठाकुर र गङ्गालाल श्रेष्ठको योगदान स्मरण गर्ने दिन । सहिदहरूको सम्झनासँगै उनीहरूको अपेक्षाको कार्यान्वयन र योगदानको पुस्तान्तरण सही तरिकाले हुन नसकेकोमा नयाँ पुस्ताले मन अमिलो बनाएका छन् । पुराना पुस्ताले पुस्तान्तरणमा कञ्जुस्याइँ गर्दा नयाँ र पुराना पुस्ताबिच दुरी बढ्दै गएको वरिष्ठ संस्कृतिविद् तेजेश्वरबाबु ग्वंग स्वीकार गर्नुहुन्छ ।

उहाँ विसं १९९७ माघ १४ गते चकमन्न मध्यरात स्मरण गर्नुहुन्छ; जुनबेला शोभाभगवती मन्दिरछेउको खोलाकिनारमा दशरथ चन्द ठाकुर र गङ्गालाल श्रेष्ठलाई बाँसमा पाता कसेर उभ्याइएको थियो । तत्कालीन शाणा शासकका तर्फबाट नरशमशेर राणा उनीहरूलाई गोली ठोक्न पुगे । हात र खुट्टामा किला ठोकेर रगताम्य पारिसकेपछि नरशमशेरले भने, "अझै पनि माफी माग् र हामीले बिरायौँ भन्, ज्यान छाडिदिन्छौँ ।" दशरथ चन्दले जवाफ फर्काए, "हामीले के बिराएका छौँ र ? किन माफी माग्ने ? सरकार निरङ्कुश नहोस् र जनताले सुख पाऊन् भनेका न हौँ ।" उमेरमा दशरथ चन्दभन्दा निकै साना गङ्गालालले जोसिँदै थपे, "सक्छौ भने छातीमा गोली ठोक, हामी मर्न तयार छौँ तर माफी माग्दैनौँ ।" नरशमशेरले जनताको




सुखको कुरा सुन्नै चाहेनन् र दुवैलाई गोली ठोकेर हत्या गरेको उहाँ सुनाउनुहुन्छ । त्यसअघि माघ १० गते मध्यरातमा टेकुस्थित पचलीमा शुक्रराज शास्त्रीलाई खरीको बोटमा झुन्ड्याएर शाणा शासकले मारेका थिए । उता धर्मभक्त माथेमालाई कालो पुलको सिफलमा गोली ठोकिएको थियो । आफ्नो मात्र स्वार्थ चाहेको भए माफी मागेर स्वतन्त्र हुन्थे र जीवन पाउँथे तर राणा शासकविरुद्ध सामूहिक रूपमा आवाज उठाउँदै जनता जगाउने साहस यी चार सहिदले देखाएका थिए । राणा सरकारको विरोध गर्दा मारिने पहिलो सहिद भने लखन थापालाई मानिन्छ । राणा प्रधानमन्त्री जङ्गबहादुर राणाविरुद्ध प्रचार गरेको आरोपमा उहाँलाई विसं १९३३ फागुन २ गते गोरखा मनकामना मन्दिरनजिक रुखमा झुन्ड्याएर मारिएको थियो । त्यही सिको राणा शासकका अन्य पुस्ताले गर्दै आफ्नाविरुद्ध टाउको उठाउनेलाई सार्वजनिक स्थानमा मार्ने गरेका थिए । सरकार भनेको जनताको आशा र भरोसाको केन्द्र हो । त्यही आशाको केन्द्रमा जनताको कुरा सुनाउन लागिपरेका चार सहिदलाई निर्मम तरिकाले राणा शासनकालमा मारिएको संस्कृतिविद् ग्वंग बताउनुहुन्छ । उहाँले स्मरण गर्नुभयो, "हामी बालखै थियौँ, बाआमाले घरबाट ननिस्कनू, बाहिर खतरा छ, सरकारले लैजान्छ भनेर डर देखाएर घरभित्रै राख्नुहुन्थ्यो ।" के भएको छ भनेर सोध्दा सरकारका कुरा गर्नु हुँदैन भनेर चुप लगाउने गरेको सम्झना अझै छ उहाँलाई । उहाँका अनुसार यी चार सहिदमा केही पाउने लालसा र लोभ केही थिएन । राणा शासकहरूले शासनको मादमा जनताका सामान्य आवश्यकता पूर्तिमा ध्यान नदिएर उल्टो थिचोमिचो गरेको देख्दा मन थाम्न नसकेर सामूहिक विरोध सुरु गरेका थिए । ग्वंग थप्नहुन्छ, "राणाहरूले बाँकी राख्दैनन्, मार्छन् भनेर थाहा पाउँदा पनि जनताले पाउनुपर्ने अधिकार पाउनु पर्छ भनेर जानी जानी ज्यान दिन तयार भएका थिए ।" त्यसैले पनि आजपर्यन्त उहाँहरूको स्वच्छ योगदानको कदर गरिन्छ र सम्मान गरिन्छ । त्यही योगदानको रापमा राणा शासन अन्त्य भयो । नेपालमा प्रजातन्त्र आयो, बहुदलीय शासन आयो अनि राजतन्त्र मासेर गणतन्त्र पनि आयो तर देशमा सुशासन अझै कायम हुन नसक्दा सहिदहरूका सपना साकार नभएको उहाँको ठहर छ । परिणाम स्वरूप गत भदौमा जेनजी आन्दोलनको घटना हुन पुग्यो । जेनजीहरूको चाहना पनि देशमा सुशासन रहोस् र जनताले सुख पाऊन् भन्ने नै रहेको स्मरण जेनजी नेतृ मनिका निरौला बताउनुहुन्छ । उहाँले भन्नुभयो, "तर विडम्बना चार सहिदले चाहेको कुरा देशमा अझै भएको छैन, जेनजीले उठाएको कुरा पनि त्यही हो ।" शासन प्रणाली र नेतृत्वहरू फेरिँदै गर्दा जनताको मुहार परिवर्तन हुन नसक्ने हो भने चार सहिदका आत्मा पनि सुखी नहुने टिप्पणी उहाँ गर्नुहुन्छ ।

## बर्दिवासमा छात्रवृत्ति वितरण गर्दै पदम शम्सेर खड्का स्मृति प्रतिष्ठान

**जीवनराज दाहाल**
**बर्दिवास, १६ माघ**

बर्दिवासमा पदम शम्सेर खड्का स्मृति प्रतिष्ठानले शुक्रबार छात्रवृत्ति वितरण कार्यक्रम सम्पन्न गरेको छ । यस वर्ष प्रतिष्ठानले पहिलो र दोस्रो चरणको परीक्षा उत्तीर्ण २४ जना विद्यार्थीलाई बैंक चेकमार्फत छात्रवृत्ति प्रदान गरेको छ । कार्यक्रम कुमार घिमिरेले सञ्चालन गरेका थिए ।

प्रमुख अतिथिका रूपमा बर्दिवास नगरपालिका शिक्षा शाखाका प्रमुख रेवती पराजुली र प्रतिष्ठानका सदस्य दीपक बराल उपस्थित थिए । पत्रकारहरू गोपाल बराल, विशाल बराल, डा. अजय



साह, आशा तोलाङे र जीवनराजले पनि कार्यक्रममा सहभागिता जनाएका थिए । अध्यक्ष बिष्णु खड्काले आफ्नो विगतको संघर्ष र पारिवारिक प्रेरणाबाट प्रतिष्ठान स्थापना भएको कथा सुनाउँदै विद्यार्थीहरूलाई मार्गदर्शन गरे । उनले घर-घर पुगेर वास्तविक आर्थिक र शैक्षिक अवस्था बुझेर मात्र छात्रवृत्ति वितरण हुने र पारदर्शिता कायम राखिने जानकारी गराए ।

हालसम्म ५७ जना विद्यार्थीले लाभ लिइसकेका छन् भने यस वर्ष थप २४ जना नयाँ विद्यार्थी समावेश भएका छन् । यसै अवसरमा आर्थिक अवस्था कमजोर विद्यार्थी मात्र नभई उत्कृष्ट नतिजा ल्याएका दुई विद्यार्थीलाई पनि विशेष पुरस्कार प्रदान गरिएको थियो ।

अध्यक्ष खड्काले विद्यार्थीहरूलाई अनुशासन र पढाइमा गम्भीर रहन तथा छात्रवृत्तिको सदुपयोग गर्न अनुरोध गरे । प्रतिष्ठानले भविष्यमा पनि जेहेनदार विद्यार्थीको सहयोगमा तत्पर रहेको र आगामी छात्रवृत्ति वितरणका लागि विद्यालयको मार्कसिटको आधारमा मात्रै थप लगानी हुने जानकारी अध्यक्ष खड्काले दिएका थिए ।

बर्दिवासस्थित विनायक व्याङ्कुट, सिन्धुली रोडमा आयोजना गरिएको यो कार्यक्रम विद्यार्थी र अभिभावक दुवैका लागि उत्साहजनक रह्यो ।

## ज्ञान गंगाले मनाए शहिद दिवस

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १६ माघ**

ज्ञान गंगा ईन्टरनेशनल पब्लिक स्कुलले आज वीर शहिदहरुको संझनामा शहिद दिवस मनाएको छ ।

जनकपुरधामको मुरली चौक र कुवामा अवस्थित यस विद्यालयको सेनियर तथा जुनियर विग्समा शहिद दिवस मनाइएको छ । कार्यक्रममा वीर शहिदको प्रतिमा माथि फुल,माला तथा अबिर चढाइएको थियो भने अगरवति



देखाई वहाँहरुको पुजा समेत गरिएको थियो ।

कार्यक्रममा स्वागत तथा श्रद्धाञ्जलि मन्तब्य यसै विद्यालयको सामाजिक शिक्षा पढाउने वरिष्ठ शिक्षक विवेकानन्द झाले राख्नु भएको थियो । वहाँले वीर शहिदहरु लखन थापा,दुर्गानन्द झा,रमेश महतो लगायत ज्ञात तथा अज्ञात शहिदहरुको उच्च प्रशंसा गर्नु भएको थियो । त्यसै

बाँकी पृष्ठ ४ मा

## महोत्तरी-३ मा विभिन्न राजनीतिक दल र स्वतन्त्र उम्मेदवारहरूबीच कडा प्रतिस्पर्धा



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १६ माघ**

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनका लागि महोत्तरी-३ मा विभिन्न राजनीतिक दल र स्वतन्त्र उम्मेदवारहरूबीच कडा प्रतिस्पर्धा देखिएको छ ।

दलका शीर्ष नेताहरूको मनोमानी र परिवारवादविरुद्ध बागी उम्मेदवारहरू मैदानमा उत्रिएपछि यस क्षेत्रको चुनावी माहोल थप रोचक बनेको हो । विगतका दुई निर्वाचनमा लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष तथा हाल जनता समाजवादी पार्टी (जसपा) नेपालका संरक्षक महन्त ठाकुरले यो क्षेत्रमा विजय हासिल गरेका थिए । तर, यसपटक उनी राष्ट्रिय सभातर्फ उन्मुख भएपछि अन्तिम समयमा आफ्नी छोरी डा. मिनाक्षी ठाकुरलाई उम्मेदवार बनाएका छन् ।

पार्टीभित्र परिवारवाद हाबी भएको आरोप लगाउँदै पूर्वकृषिमन्त्री हरिनारायण यादवले जसपा नेपालबाट विद्रोह गर्दै स्वतन्त्र उम्मेदवारी दिएका छन् । यसले जसपाभित्रै आन्तरिक असन्तुष्टि सतहमा आएको देखिएको छ । यस्तै, पटकपटक निर्वाचनमा पराजित भइसकेका एमाले नेता रामअधार कापरले पनि पार्टीविरुद्ध विद्रोह गर्दै स्वतन्त्र उम्मेदवारी दिएका छन् ।




# बिर्सिदेऊ विगत



**रचना: निर श्रेष्ठ**

*मलाई थाहा छ*
*विगत बिर्सन सजिलो छैन*
*विगतलाई बिर्सन पनि हुदैन*
*तर*
*विगतले वर्तमानको बाटो नै बन्द गरिदिन्छ भने*
*अनिश्चित भविष्यलाई झन् अनिश्चित बनाइदिन्छ भने*
*त्यो विगत बिर्सनै पर्छ।*
*विगतलाई बिर्सनु भनेको*
*विगतलाई मेटाउनु होइन*
*ना कि विगतलाई अनदेखा गर्नु*
*बिर्सनु भनेको त नसम्झेसम्मको लागि*
*कतै लुकाउनु मात्र हो*
*अनि त्यसरी लुकाउँदा तिम्रो वर्तमान सहज हुन्छ भने*
*किन तिमी विगतदेखि चिन्तित छौं।*
*हो, म अनुभूत गर्न सक्छु*
*विगतले पोल्छ,*
*विगतले पग्लाउछ,*
*विगतले जमाउछ पनि*
*अनि विगतले पलपल सताउछ*
*र त*
*वर्तमानका बाटाहरू निकै कठिन हुन्छ*
*तर सम्झ त,*
*के विगतले तिमीलाई चयन दिएको छ?*
*के विगतले तिमीलाई प्रेमको आभास दिलाएको छ?*
*के विगतले तिमीलाई खुसी दिएको छ?*
*अहँ छैन ।*
*यदी त्यसो हो भने*
*लुकाइदेऊ त्यो विगतलाई मनको कुनै कुनामा*
*सम्मान अर्पण गर त्यो सुन्दर विगत निर्माण गर्ने पात्रलाई*
*अठोट गर विगतबाट सिक्दै वर्तमानलाई अगाडी बढाउने*
*अनि*
*स्वीकार त्यो पात्र जसले*
*तिम्रो विगतलाई स्वीकार्दै वर्तमानको सारथी बन्न खोजिर हेको छ*
*अनि*
*उडान भर त्यो प्रेमिल संसारमा जहाँ*
*तिमी आफूले चाहेको खुसी र आनन्द भेट्ने छौ।*
*मुटुको कुनामा लुकाइराखेको विगत्*
*कहिलेकाहीँ मनमा आउन सक्छ*
*स्वीकार्नु यो एक सामान्य प्रकृया हो*
*किनकी*
*विगतको यादले नै त हो*
*वर्तमानलाई थप सशक्त बनाउने ।*

# ब्राह्मणलाई फाँसी दिन नमिल्ने कानुन नै फेरेर मारिएका सहिद: दुर्गानन्द झा

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १६ माघ**

नेपालको इतिहासमा गणतन्त्रका लागि ज्यान दिने 'पहिलो सहिद' दुर्गानन्द झाको बारेमा यी ५ रोचक तथ्यहरू सायद तपाईंलाई थाहा नहोला:

१. कानुन नै संशोधन: वि.सं. २०१८ सालमा उहाँले राजा महेन्द्रको गाडीमा बम प्रहार गर्दा मुलुकी ऐन अनुसार 'ब्राह्मण' लाई मृत्युदण्ड दिन मिल्दैन थियो। तर, पञ्चायती शासकले उहाँलाई फाँसी दिनकै लागि हतार-हतार कानुन संशोधन गरेर मृत्युदण्डको बाटो खुलाएका थिए ।

२. गणतन्त्रको पहिलो आवाज: २०६२/६३ को आन्दोलनभन्दा करिब ४५ वर्ष अगाडि नै उहाँले राजतन्त्रको अन्त्य र गणतन्त्रको वकालत गर्दै राजामाथि बम प्रहार गर्ने आँट गर्नुभएको थियो ।




३. माफी माग्न अस्वीकार: जेलमा रहँदा उहाँलाई "राजासँग माफी मागे जीवनदान दिइनेछ" भनिएको थियो । तर, उहाँले "जनताको छोराले राजासँग माफी माग्दैन, बरु मर्न तयार छु" भन्दै मृत्यु रोज्नुभयो। ४. गर्भवती पत्नीलाई अन्तिम पत्र: फाँसी चढ्नुअघि उहाँले आफ्नी गर्भवती श्रीमती काशीदेवी झालाई चिठी लेख्दै भन्नुभएको थियो- "दु:ख नमान्नु, मेरो बलिदान खेर जाँदैन ।" . जनकपुर काण्ड: उहाँले प्रहार गरेको बम राजालाई त लागेन, तर त्यसले नेपालको राजनीतिमा ठूलो कम्पन ल्यायो। त्यही घटना 'जनकपुर बम काण्ड' का नामले चर्चित छ । आज उहाँको बलिदानकै कारण हामी गणतन्त्रमा सास फेर्दैछौं । महान सहिद दुर्गानन्द झाप्रति हार्दिक श्रद्धाञ्जली !

# फेरि कोही सहिद हुन नपरोस्: बालेन

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १६ माघ**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन शाहले फेरि कोही सहिद हुन नपरोस् भन्दै कामना गरेका छन्। सहिद दिवसका दिन शुभकामना सन्देश जारी गर्दै उनले सहिदका सपना पूरा गर्ने कार्यभार सबैले पूरा गर्नुपर्ने बताएका हुन्। 'राणा शासनको अन्त्यको माग गर्दै संघर्ष गर्ने गंगालाल श्रेष्ठ, दशरथ चन्द, धर्मभक्त माथेमा र शुक्रराज शास्त्रीको तत्कालीन राज्यले क्रूरतापूर्वक हत्या गरेको ८५ वर्ष भएको छ। त्यसको दश वर्षपछि राणा शासबनको अन्त्य भयो तर राज्य जनताको बन्न सकेन ।

यसपछि पनि नेपाली जनताले निरन्तर संघर्ष गरिरहनु पर्‍यो। ८५ वर्षमा पटक-पटक व्यवस्था फेरियो, सत्ताको चरित्र फेरिएन,' उनले लेखेका छन् । पटक-पटक नेपाली जनता सहिद भएको तर सहिदका सपना पूरा हुन नसकेको उनले बताएका छन् । ८५ वर्ष पहिलेजस्तै, यसपालि पनि भदौको जेनजी आन्दोलनमा सुशासन र भ्रष्टाचार अन्त्यको माग राखेर शान्तिपूर्ण आन्दोलनमा उत्रिएका युवा र विद्यार्थीले आफ्नो अमूल्य जीवन बलिदान दिनुपरेको उनले स्मरण गरेका छन् ।

'अहिले हामी ती सहिदका सपना पूरा गर्ने बाटोमा अघि बढिरहेका छौं। लामो सयमसम्म जरा गाडेको भ्रष्टाचारको अन्त्य गरी सुशासन कायम गर्दै नेपाललाई आर्थिक रुपमा उन्नत मुलुक बनाउनुपर्ने दायित्व हाम्रो काँधमा छ ।





अनुरोधकर्ता
महोत्तरी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश


## तपाईंको टुडे

मेष: लामो यात्राको योग छ
वृष: खानपानमा समस्या आउने
मिथून: पिछडेको साथी मिल्ने
कर्कट: मनमा पछुतो आउने
सिंह: आम्दानी हुने
कन्या: अनावश्यक चिन्ता
तुला: अनावश्यक खर्चको संभावना
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: शुभ कार्यको शुरुवात
मकर: अशुभ समाचार प्राप्त हुने
कूम्भ: विचार गरेर बोल्नुहोला
मीन: पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# भेनेजुएलामा उल्टियो समाजवादी नीति, खुल्यो तेलमा निजीकरणको बाटो

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १६ माघ



भेनेजुएलाका कार्यवाहक राष्ट्रपति डेल्सी रोड्रिगेजले बिहीबार देशको तेल उद्योग सुधारसम्बन्धी नयाँ कानूनमा हस्ताक्षर गरेका छन्। यस कानूनले निजी कम्पनीहरूलाई तेल उत्पादन र बिक्रीमा ठूलो भूमिका दिने व्यवस्था गर्दै दुई दशकभन्दा बढी समयदेखि लागू समाजवादी नीतिलाई उल्ट्याएको छ।

यो सुधार सरकारको सबैभन्दा महत्त्वपूर्ण नीतिगत कदम मानिएको छ। लामो समयदेखि सङ्कटमा परेको तेल उद्योगमा विदेशी लगानी आकर्षित गर्ने लक्ष्यसहित राज्यको कडा नियन्त्रण खुकुलो बनाइएको हो। राजधानी काराकसमा अमेरिकी सेनाको आक्रमणपछि पूर्वराष्ट्रपति निकोलस मदुरोको सत्ता गुमेको एक महिनाभित्रै यो कानून लागू गरिएको हो। राष्ट्रिय सभाबाट विधेयक पारित भएको दुई घण्टाभन्दा कम समयमा रोड्रिगेजले हस्ताक्षर गर्नुभएको थियो। सोही समयमा अमेरिकी अर्थ मन्त्रालयलले भेनेजुएलामाथि लगाइएका तेलसम्बन्धी केही आर्थिक प्रतिबन्धहरू खुकुलो पार्दै अमेरिकी ऊर्जा कम्पनीहरूको गतिविधि विस्तार गर्ने प्रक्रिया अघि बढाएको जनाएको छ।

रोड्रिगेजले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र विदेशमन्त्री मार्को रुबियोसँग पनि वार्ता गर्नुभएको थियो। अमेरिकी पक्षले भेनेजुएलाको तेल निर्यात नियमन गर्दै त्यसबाट आउने आम्दानीको निगरानी गर्ने योजना सार्वजनिक गरेको छ।

विश्वमै सबैभन्दा ठूलो प्रमाणित कच्चा तेल भण्डार भेनेजुएलामै रहेको छ। नयाँ कानूनअनुसार निजी कम्पनीहरूले स्वीकृत व्यापार योजनाका आधारमा आफ्नै खर्च र जोखिममा तेल क्षेत्र सञ्चालन गर्न सक्नेछन्।

# बलिउडपछि अब तेलुगु फिल्ममा डेब्यु गर्दै अभिनेत्री राशा

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १६ माघ



फिल्म 'आजाद' बाट बलिउडमा डेब्यु गरेकी अभिनेत्री राशा थडानी अब तेलुगु फिल्ममा देखिने भएकी छन्। फिल्म 'श्रीनिवास मंगापुरम' मार्फत उनी तेलुगू फिल्ममा देखिने भएकी हुन्।

फिल्मको हालै 'मोसन पोस्टर' सार्वजनिक गरिएको छ। उक्त पोस्टर सामाजिक सञ्जालमा सेयर गर्दै राशाले खुसी व्यक्त गरेकी छिन्। इन्स्टाग्राममा राशाले सेयर गरेको पोस्टरमा उनले हल्का बैजनी रंगको पहिरन लगाएकी छिन्। खुला कपाल र पृष्ठभूमिमा फूल देख्न सकिन्छ। पोस्टर सेयर गर्दै उनले लेखेकी छन्, 'श्रीनिवास मंगापुरम' की मंगालाई भेट्नुहोस्। आभार र आशाले भरिएको हृदयका साथ म तेलुगु फिल्ममा पहिलो पाइला चाल्दैछु।'

फिल्म 'श्रीनिवास मंगापुरम' लाई अजय भूपतिले निर्देशन गर्दैछन्। राशा थडानी यस फिल्ममा मंगाको भूमिकामा देखिनेछिन्। फिल्मको रिलिज मिति तोकिएको छैन। अजय भूपतिले यसअघि 'आरएक्स १००', 'महा समुद्रम' र 'मंगलावरम' जस्ता चर्चित फिल्महरू निर्देशन गरेका थिए। राशा थडानीले अभिषेक कपूरको निर्देशनमा बनेको फिल्म 'आजाद' बाट बलिउडमा कदम राखेकी थिइन्।

यस फिल्ममा अजय देवगनका भतिजा अमन देवगनको पनि अभिनय थियो।

# निर्वाचन आयोगको तयारी तीव्र: जिल्ला अनुसारका नमूना मतपत्रहरू सार्वजनिक

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १६ माघ




निर्वाचन आयोगले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि विभिन्न जिल्ला र निर्वाचन क्षेत्रका मतपत्रका नमूनाहरू सार्वजनिक गरेको छ।

आयोगले सातवटै प्रदेशका जिल्लाहरूलाई समेटेर मतपत्रको ढाँचा बाहिर ल्याएको हो। यसपटक एउटा मात्र निर्वाचन क्षेत्र भएका जिल्ला र एकभन्दा बढी क्षेत्र भएका जिल्लाका लागि फरक-फरक प्रकारका मतपत्रका नमूना तयार पारिएका छन्। आयोगका अनुसार उम्मेदवारको सङ्ख्याका आधारमा मतपत्रको आकार निर्धारण गरिएको छ। धेरै उम्मेदवार भएका क्षेत्रमा ठूलो र कम उम्मेदवार भएका क्षेत्रमा सानो आकारको मतपत्र रहनेछ। सबैभन्दा धेरै निर्वाचन क्षेत्र र उम्मेदवार भएको काठमाडौँमा मतपत्रको आकार सबैभन्दा ठूलो हुने देखिएको छ। आयोगले कर्णाली र सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लाका वास्तविक मतपत्रका नमूना सार्वजनिक गरिसकेको छ। कर्णालीका सल्यान, डोल्पा, मुगु, जुम्ला जस्ता एक निर्वाचन क्षेत्र भएका जिल्ला र दैलेख, सुर्खेत जस्ता दुई क्षेत्र भएका जिल्लाका नमूना सार्वजनिक भएका छन्।

# टी-२० विश्वकप २०२६ : यी हुन् नेपालले समूह चरणमा खेल्ने प्रतिद्वन्द्वी

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १६ माघ



आईसीसी पुरुष टी-२० विश्वकप क्रिकेट २०२६ भारतमा अबको एक सातामा सुरु हुँदैछ। टी-२० क्रिकेटको महासंग्राम समेत मानिने यो विश्वकपमा नेपालसहित २० राष्ट्र सहभागी छन्। २० राष्ट्रलाई चारवटा समूहमा विभाजन गरिएको छ र एक समूहमा पाँच टोलीहरू समावेश छन्।

हरेक समूहबाट शीर्ष २ टोलीहरू अघिल्लो चरण अर्थात् सुपर ८ चरणमा पुग्ने भएकाले कम्तीमा दुई खेल जित्नैपर्ने छ। नेपाल रहेको समूह 'सी' मा दुईपटकका विश्वविजेता इंग्ल्यान्ड र वेस्ट इन्डिजसहित दुई एसोसियट राष्ट्र स्कटल्यान्ड र इटली छन्। सुरुमा बंगलादेश समावेश रहेको भएपनि बंगलादेश भारतमा खेल्न जान अस्वीकार गरेपछि आईसीसीले बंगलादेशलाई हटाएर स्कटल्यान्ड समावेश गरेको थियो।

नेपालले समूह चरणमा खेल्नेमध्ये इटलीबाहेक बाँकी तीन राष्ट्र टी-२०आई वरियतामा नेपालभन्दा माथि छन्। नेपालका लागि इंग्ल्यान्ड र इटली पूर्णरूपमा नयाँ प्रतिद्वन्द्वी हुनेछन् भने वेस्ट इन्डिज र स्कटल्यान्डसँग पहिले पनि खेलिसकेको छ।

नेपाली टोलीको यो तेस्रो विश्वकप सहभागिता हो। यसअघि सन् २०१४ मा पहिलोपटक टी-२० विश्वकप खेलेको नेपाली टोलीले त्यसको १० वर्षपछि अर्थात् गत संस्करण (२०२४) को टी-२० विश्वकप खेलेको थियो।






# घोषणापत्रको अनिवार्य विषय वैदेशिक रोजगारी

-विदेशमा उपलब्ध गुणस्तरीय र मर्यादित रोजगारफका अवसरलाई पनि सामाजिक संरक्षणकै अंशका रुपमा लिनुपर्छ, मुलुकभित्र र बाहिर रोजगारीको अवसर सिर्जना गर्नु नै नयाँ आउने सरकारको सर्वोपरी प्राथिमकता हुनुपर्छ । वैदेशिक रोजगारीले नेपाली समाजमा शिक्षा, आर्थिक सुधार र सामाजिक सुरक्षामा महत्वपूर्ण भूमिका खेलेको छ । निर्वाचन घोषणापत्रमा वैदेशिक रोजगारीलाई समस्या मात्र होइन, अवसर र गरिबी न्यूनीकरणको औजारका रूपमा व्यवहारिक र समावेशी नीति ल्याउनुपर्ने आवश्यकता छ ।

प्रवासी नेपालीसँग अर्थपूर्ण सम्बन्ध, सीप र लगानीको आदानप्रदान, तथा डायस्पोरा भोटिङ अधिकार सुनिश्चित गर्न सरकार र दलहरूले ठोस कार्यान्वयनमुखी प्रतिबद्धता जनाउनुपर्छ । (२१ फागुनको निर्वाचनका लागि उम्मेदवारहरू आफ्नो घोषणापत्र लिएर जनतासमक्ष पुगिरहेका छन् । उनीहरू आफ्नो एजेन्डा सुनाइरहेका छन् । यतिबेला कान्तिपुरले भने जनताको एजेन्डा दल र उम्मेदवारलाई सुनाउनका लागि विशेष शृंखला ककक‍ान्तिपुर विमर्श: नागरिक घोषणापत्र’ सुरु गर्दैछ । तपाईंहरूले पनि खास क्षेत्रमा केन्द्रित रहेर यस शृंखलाका लागि घोषणापत्र लेख्न सक्नुहुनेछ ।

तथ्य, तथ्यांक र तर्कयुक्त घोषणापत्रलाई हामी स्थान दिनेछौं ।) मैले हालै मुसहर समुदायका पवनदेव माझीलाई महोत्तरीमा भेटेकी थिएँ । उनले बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अध्ययन गर्न एमबीबीएस छात्रवृत्ति प्राप्त गरेका थिए । पवन कतारमा काम गर्ने एक सिकर्मीका छोरा हुन् । पवनले एमबीबीएसको छात्रवृत्ति पाउनुमा उनका बुबाले कतारमा बगाएको पसिनाको ठूलो भूमिका छ । वैदेशिक रोजगारीसम्बन्धी मेरो पृष्ठभूमिका कारणले गर्दा होला, पवनको कथालाई मैले वैदेशिक रोजगारीको ‘लेन्स’ बाट हेरें । पवनका बुबा नारायण माझी आफ्नो छोराको ध्यान पढाइमा मात्रै केन्द्रित गर्न चाहन्थे । जसले गर्दा उनी विगत सत्र वर्षदेखि वैदेशिक रोजगारीका लागि पटकपटक कतार आउजाउ गरिरहेका छन् । कतारी रियाल (विप्रेषण) ले नै पवनको पढाइलाई आर्थिक अवरोधले छेकेन । उनले अभावले सिर्जना गर्न सक्ने मानसिक बोझबाट राहत पाए । आफू पूरापूरा पढाइमा तल्लीन भए । र, नतिजास्वरूप डाक्टरी पढ्न पाइरहेका छन् । वैदेशिक रोजगारीमा गएका निम्न परिवारले आफ्नो सन्तानको शिक्षादीक्षालाई गुणस्तरीय बनाउन कसरी सहयोग गरिरहेका छन् भन्ने पवन एउटा बलियो उदाहरण हुन् ।

सेन्धिल मुल्लाइनाथनको अनुसन्धानको निष्कर्ष छ, अभावले आधारभूत सुविधालाई पहुँचबाहिर बनाउने मात्र होइन, यसले मानसिक क्षमतासमेत कम गर्छ । हरेक छाकको खाना कसरी टार्ने ? पानी चुहिने छानाको मर्मत कसरी गर्ने ? विद्यालयको शुल्क कसरी तिर्ने ? आर्थिक अभावको अवस्थामा यस्ता समस्यासँग निरन्तर रूपमा जुधिरहनुपर्ने हुँदा क्षमतावान् व्यक्ति पनि गन्तव्यमा पुग्न नसक्ने हुन्छ । यस्तो अवस्थामा विप्रेषणले ठूलो राहत प्रदान गरिरहेको छ । २१ फागुनको संसदीय निर्वाचनको प्रतिस्पर्धीमा दलहरू होमिएका छन् । मतदातामाझ आफूलाई मत माग्न उनीहरूका आ-आफ्ना घोषणापत्र छन् । दलहरूले वैदेशिक रोजगारलाई हेर्नुपर्ने दृष्टिकोण पनि यथार्थमा आधारित हुनुपर्छ । निर्वाचनको घोषणापत्रमा वैदेशिक रोजगारीलाई केवल समाधान गर्नुपर्ने समस्या मात्र होइन, यसलाई उपयोग गर्न सकिने अवसर र गरिबी न्यूनीकरणको एक शक्तिशाली औजारका रूपमा ग्रहण गर्नुपर्छ । विश्व बैंकसहितका विभिन्न अनुसन्धानहरूले नेपालमा २०११ देखि २०२३ सम्म गरिबी घटाउनमा विप्रेषणले ३० प्रतिशतभन्दा बढी योगदान दिएको उल्लेख गरेका छन् । हरेक आय समूहमा विप्रेषण पाउने घरपरिवारको अनुपात बढ्दै गएको भए पनि, सबैभन्दा गरिब समूहले पाउने विप्रेषण तुलनात्मक रूपमा कम भएकाले आर्थिक असमानता झनै बढ्न सक्ने सम्भावना छ ।

सबैभन्दा गरिबहरू वैदेशिक रोजगारीका लागि तेस्रो मुलुकभन्दा भारत जाने सम्भावना बढी हुन्छ । जसरी हामी प्रधानमन्त्री रोजगार कार्यक्रमलाई परिवारको एक जना सदस्य पनि रोजगारी नभएका घरका सदस्यलाई सय दिनको रोजगारीको सुनिश्चित दिने एउटा सामाजिक संरक्षणको महत्त्वपूर्ण संयन्त्रका रूपमा हेर्छौं, त्यसैगरी विदेशमा उपलब्ध मर्यादित रोजगारीका अवसरलाई पनि सामाजिक संरक्षणकै अंशका रूपमा लिन सकिन्छ । मुलुकभित्र र बाहिर मर्यादित र गुणस्तरीय रोजगारीको अवसर सिर्जना गर्नु नै नयाँ आउने सरकारको सर्वोपरि प्राथमिकता हुनुपर्छ । वैदेशिक रोजगारीको चक्रमा भौगोलिक, सामाजिक तथा आर्थिक रूपमा पिछडिएका युवा वर्गलाई पनि आबद्ध गर्नुपर्छ । समावेशी वैदेशिक रोजगारी दिलाउने नीति लिइनुपर्छ । सूचना, लागत र पहुँचको कमीका कारण चाहेर पनि वैदेशिक रोजगारीबाट वञ्चित भएका समुदायलाई अवसर प्रदान गरिएको एउटा उदाहरण छ ।

**साभार : कान्तिपुर ।**



## ज्ञान गंगाले मनाए ...............................

गरी विशिष्ट अतिथि मधेस प्रदेशको केन्द्रीय कोषाध्यक्ष रामचन्द्र पण्डीतले विद्यालय परिवार तथा मधेस प्याब्सनको उच्च प्रशंसा गर्दै सबै शहिदप्रति श्रद्धाञ्जलि अर्पण गर्नुभयो । विशिष्ट अतिथि मधेस प्याब्सनको धनुषा जिल्ला अध्यक्ष सुजित मिश्रले शहिद दिवसको दिन बिदा नदिएर यो दिवस विद्यालयमा कार्यक्रम गरी मनाउन जोड दिनुभयो । त्यसैगरी प्रमुख अतिथि मधेस प्याब्सनको केन्द्रीय अध्यक्ष अमरेन्द्र कुमार झाले सबै शहिदहरु प्रति श्रद्धाञ्जलि अर्पण गर्दै अब कसैलाई बलिदानी दिन नपरोस तथा देशमा सुशासन कायम होस भन्ने कामना गर्नु भयो । विद्यालयको संस्थापक प्रधानाध्यापक प्रा.पवन कुमार साहले वीर शहिदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्नु का साथै अतिथिहरुलाई गमछा ओढाई सम्मान गर्नु भएको थियो । कार्यक्रममा समाजसेवी तथा ज्येष्ठ नागरिक चन्द्रशेखर प्रसाद जेसवालको समेत उपस्थिति रहेको थियो । कार्यक्रममा शिक्षक,शिक्षिका,विद्यार्थी, सुरक्षाकर्मी,पत्रकारहरुको उपस्थिति रहेको थियो भने कार्यक्रम संचालन वरिष्ठ शिक्षक सरोज झाले गर्नु भएको थियो ।


## चिसोबाट बच्न अपनाउनुपर्ने सावधानीहरु

चिसोको कारणले रुघाखोकी, कडा फलु, हिउँले खाने, साना बालबालिकाहरुमा, कोल्ड झाडापखाला, निमोनिया र बयस्क ब्यक्तीहरुमा दम जस्ता समस्या, हृदयघात तथा मुटुको समस्या बढने, कार्बन मोनोक्साईडको मात्रा शरिरमा बढने जोर्नीको दुखाई, दिर्घ रोगीहरुमा स्वास्थ्य समस्या देखा पर्ने जस्ता रोगहरु हुन सक्छ ।

- ✓ पानि उमालेर पिउने, जार र प्याकिङ्ग पानी समेत उमालेर पिउने ।
- ✓ शरिरलाई न्यानो बनाएर राखका लागी तातो झोलिलो खानाहरु आवश्यक मात्रामा सेवन गर्नुपर्दछ,
- ✓ बाहिर निस्कदा मास्क लगाएर हिंडने ।
- ✓ तातो बाक्लो कपडाहरु लगाएर हिडनु पर्दछ ।
- ✓ चिसोमा बाहिर हिंडदा बाक्लो कपडा लगाउनु पर्दछ ।
- ✓ तातो दुध तथा दुधजन्य पदार्थ, तातो पानि, चिया, दाल, तरकारी प्रशस्त मात्रामा पिउनुपर्दछ ।
- ✓ सवारी साधन चलाउँदा हावा नछिर्ने बाक्लो स्विटर वा ज्याकेट लगाउनु पर्दछ
- ✓ जाडो लागेको बेला घाममा बस्ने तोरी, जैतुन, तिलको तेलले शरिर मालिस गर्न सकिन्छ
- ✓ तातो पानीमा कागती, अदुवा र मह मिसाएर खान सकिन्छ ।
- ✓ विशेष गरि विहानको समयमा जाडो हुने भएकोले सो समयमा बाहिर ननिस्कने गर्दा चिसो बाट बच्न सकिन्छ ।
- ✓ बालबालिका तथा बृद्धहरुलाई जाडोको कारण छिटो असर देखा पर्ने हुनाले बिरामी भएमा तत्काले औषधी नियमित खाने, जाडोबाट बच्न बाक्लो कपडाहरु लगाउने, तातो झोल चिजहरु प्रशस्त खुवाउने, जाडो हुने समयमा घरबाट बाहिन ननिस्कने ।
- ✓ आगो तथा हिटरहरु सावधानी पुर्बक ताप्ने, बस्ने कोठा वा घर तातो बनाउने ।

अनुरोधकर्ता
सोनमा गाउंपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश











अनुरोधकर्ता
धनुषाधाम नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday